# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, कात्तिक १२ गते २०५३ साल (संख्या २८

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना १

बीउ बिजन ऐन, २०४५ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विभाग, "बीउ बिजन विकास तथा गुण नियन्त्रण सेवा शाखा" लाई बीउ बिजन प्रमाणीकरण निकायको रूपमा तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

बीउ बिजन ऐन, २०४५ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विभाग बीउ बिजन विकास तथा गुण नियन्त्रण सेवा शाखामा रहेको प्रयोगशालालाई "केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशाला" तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

बीउ बिजन ऐन, २०४५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विभाग, बीउ बिजन विकास तथा गुण नियन्त्रण सेवा शाखामा र क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरूमा कार्यरत बीउ विकास अधिकृत र सहायक बीउ विकास अधिकृतहरूलाई बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकमा तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

६१२

दानबहादुर शाही

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि लागू हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

जलस्रोत मन्त्रालयका सचिव डा. द्वारिकानाथ ढुंगेल इजिप्ट तर्फ जानु भएकोले उहाँ र्फाक हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रत्नेश्वरलाल कायस्थलाई मिति २०५३।६।८ गते देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

६५८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।